# काठेखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बिहुँकोट, बागलुङ

गण्डकी प्रदेश नेपाल

मिति:२०७७/०१/०५

## हार्दिक धन्यबाद

विश्वव्यापी रुपमा संक्रमण भएको यो कोरोना भाईरस (कोभिड १९ ) अन्तत हामीलाई अति नै त्रशित वनायो, यसका विरुद्धमा अनैकौ कोशिष पहलहरु गरेऔ । स्वास्थ्य कर्मी र सुरक्षा कर्मीको अदम्य शाहस र प्रयासले यसबाट दुरी कायम गर्न सफल भएका छौ र आगामी दिनमा पनि हामी प्रयासरत नै रहनेछौ । यहि विचमा थुप्रै सामाजिक संजालमा कोहि आफना पुराना फोटोहरु पोष्ट गर्दै गरेको , कोहि घर परिवारसंग नाँचगानमा भुलेको, कोहि मिष्ठान्न परिकार वनाएर पोष्ट गरेको , कोहि कविता रचना गरेको र कोहि भ्याइ नभ्याई समचार अपडेट गरेको पायौ तर हामी काठेखोला गाउँपालिकाका जनप्रतिनीधि,कर्मचारी विशेष गरि स्वास्थ्यकर्मी, सुरक्षाकर्मीहरुलाई यि सवै रहर हुदाँ हुदै पनि गरिव विपन्न र दैनिक ज्याला मजदुरी नगरि परिवारको हात मुख जोडन गाह्रो हुने श्रमजिवीहरुलाई कसरी कोरोनाको असरवाट बचाउन सकिन्छ भन्ने अभियानमा थियौ । यहि विचमा हामी देश विदेशमा रहने हाम्रा अग्रज, समाजसेवि भावना भएका मनहरुसंग अन्तरंग गर्दै थियौ । यो लक डाउनको अवधिमा एकान्तवासबाटै कहिले अनलाई मिटिङ, च्याटिङ आदिबाट हाम्रो प्रयासले कोरोना रोकथाम तथा व्यवस्थापनका लागि थुप्रै महानुभावको साथ सहयोग पाएका छौ । यो संकटबाट पार लगाउनका लागि सहयोगी मनहरुले काठेखोला गाउँपालिकालाई ठुलो गुण लगाउनु भएको छ , गाउँपालिकाको तर्फ देखि यहाँहरु सवैलाई आभार तथा धन्यवाद व्यक्त गर्दछौ । यो अभियानमा पुर्णविराम लगाएको छैन अझै हामी मैदानमै रहेको हुदा आगामी दिनमा पनि यहाँहरुको साथ सहयोग रहने छ भन्ने पुर्ण विश्वास व्यक्त गर्दै यहाँहरुको सहयोगलाई सार्वजनिक गर्दछौ ।

अम्मर बहादुर थापा
अध्यक्ष